# सडक बोर्ड नेपाल
(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५/०७६
च.नं. ६४३

मिति :- २०७५/८/२६

श्री शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

**बिषय :-<u>आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सहमति सम्बन्धमा ।</u>**

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७५/०७६ च.नं. ५६८ मिति २०७५/७/८, ८/२४ को पत्रसाथ संलग्न गरिएको सडक मर्मत संभार सम्बन्धी बार्षिक कार्यक्रम कमश: मिति २०७५/७/१२, ८/२५ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस निकायको स्वामित्वमा रहेको स्थानीय सडकहरू मध्ये प्राथमिकताको आधारमा क्रमश: कालोपत्रे सडक, ग्रामिण सडक र कच्ची ग्रामिण सडकको नियमित, पटके, आवधिक र विशेष मर्मत संभारको बार्षिक कार्य जिम्मेवारी पूर्वक तहाँबाट नै छनौट तथा स्वीकृत गरी छनौट प्रकृयामा सडक बोर्डको निर्देशिका वमोजिम फरक नपर्ने गरी प्रतिबद्धता सहित पठाइएको निम्न वमोजिमको बार्षिक कार्यक्रममा मिति २०७५/८/३ को कार्यकारी समितिको निर्णयानुसार सहमति रहेको छ । यसरी सहमति प्रदान गरिएको सडक मर्मत संभार सम्बन्धि बार्षिक कार्यक्रम प्रचलित नियमानुसार संचालन, सम्पादन तथा सम्पन्न गरी समझदारी पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नहुन अनुरोध छ । साथै चालु आ.व.को जेष्ठ मसान्त भित्र स्वीकृत बार्षिक कार्यक्रमको कम्तीमा ७०% प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिनुहुन समेत अनुरोध गरिन्छ ।

**<u>स्वीकृत कार्यक्रमको विवरण</u>**

| सि.नं. | सडकको नाम | किसिम | कुल लम्बाई ( कि.मि.) | मर्मत लम्बाई ( कि.मि.) | कुल लागत (रु.) | सडक बोर्डले ब्यहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | पूर्व मैनहिया देखि बुद्ध सर्किट जाने सडक मर्मत | कालोपत्रे | १.५० | ०.३३ | १,२६२,८६८.५ | १,000,000.0 |
| | जम्मा | | | | १,२६२,८६८.५ | १,000,000.0 |

इ. कृष्ण सिंह बस्नेत
कार्यकारी निर्देशक

**<u>बोधार्थ :</u>**

१) श्रीमान् अध्यक्षज्यू, सडक बोर्ड नेपाल ।
२) श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
योजना महाशाखा, सिंहदरबार ।
३) श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार),
पुल्चोक, ललितपुर ।
४) श्री लेखा शाखा, सडक बोर्ड नेपाल ।
५) श्री प्राविधिक शाखा, सडक बोर्ड नेपाल ।
६) श्री प्रशासन शाखा, सडक बोर्ड नेपाल : उपरोक्तानुसारको पत्र Website मा upload गरिदिनुहुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. :+९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np

# सडकबोर्ड नेपालतथा स्थानीयतहबीच सडकमर्मत संभार कार्यको लागिगरिएको समझदारी पात्र

**(Memorandum of Understanding)**

सडकबोर्ड नेपाल तर्फबाट प्रतिनिधित्व गर्ने कार्यकारी निर्देशक (त्यसपछि प्रथमपक्ष भनेर संवोधन गरिएको) र सम्बन्धित गाउँपालिकाको तर्फबाट प्रतिनिधि गर्ने प्रमुख प्रशासकीय अधिकृत (त्यसपछि दोश्रो पक्षभनेर संवोधन गरिएको) बीच यो समझदारी कायम भएको छ ।

१.सडक बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०,सडक बोर्ड निर्देशिका २०६१,सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४,कार्यकारी समितिको निर्णय तथा निर्देशनको परिधिभित्र रही सावधानी पूर्वक एवम् दक्षताका साथ कार्य गर्न/गराउन आवश्यक श्रोत र साधन समेतको समुचित व्यवस्थापन गरी निर्दिष्ट गुणस्तर तथा वातावरणिय संतुलन कायम राख्दै दोश्रो पक्षबाट तोकिएको सडकमर्मत सम्भार प्राथमिकताका आधारमा स्वीकृति तथा प्रथम पक्षबाट सहमति भएका सडक मर्मत सम्भार सम्बन्धि वार्षिक कार्यक्रम अनुरुपको सडक मर्मत संभार कार्य सम्पन्न गर्ने गराउने प्रतिबद्धता दोश्रो पक्षले व्यक्त गर्दछ ।

२.दोश्रो पक्षले ठेक्का वा उपभोक्ता समिति मार्फत संचालन कार्य,प्रथम पक्ष वा यसका प्रतिनिधि वा डोलिडारले निरीक्षण,अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने भएकाले सम्बन्धित सम्पूर्ण दस्तावेज उपलब्ध गराउने तथा निरीक्षणमा आवश्यक सहयोग उपलब्ध गराउने दायित्व दोश्रो पक्षको हुनेछ ।

३.दोश्रो पक्षबाट स्वीकृत एवम् प्रथम पक्षको सहमति अनुसारको कार्यक्रम चालु आ.व. को जेष्ठ मसान्त भित्र कम्तीमा ७०% को प्रगति पेस गरी सम्झौता बमोजिमको रकम निकासा लिई सक्नुपर्ने छ ।

४.प्रथम पक्षले रकम निकासा दिदां सडक बोर्ड निर्देशिका २०६१ दफा ४७ ले निर्धारण गरेको मापदण्डको परिधिभित्र रही निकासा दिने प्रतिवद्धता व्यक्त गर्दछ । यसरी निकासा दिदां पहिलो निकाशा रकम स्वीकृत बजेट अनुसार उपलब्ध गराइनेछ र बाँकी रकम संचालित कार्यक्रमको प्रगति तथा सम्झौता वा ठेक्का रकमको आधारमा हुनेछ ।

५.मासिक प्रतिवेदन,चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन,खर्चको फाँटवारी लगायत अन्य आवश्यक विवरण प्रथमपक्ष समक्ष पेश गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

६.सडकबोर्ड स्वीकृत एकीकृत वार्षिक योजना (IAP)अनुसार रकम मात्र प्रथमपक्षले दोश्रो पक्षलाई उपलब्ध गराउन सक्नेछ ।

७.आर्थिक वर्ष भित्र बिशेष वा काबु बाहिरको परिस्थितिको कारण सवै कार्य पुरा हुन नसकेको अवस्थामा सम्पन्न भएको कार्यको मात्रखर्च लेखाङ्कन गरिनेछ ।बाँकी कार्यहरु अर्को आर्थिक वर्षको कार्यक्रममा समावेश गर्न सकिनेछ ।

८.दोश्रो पक्षको मातहात भित्र रहेका सम्पूर्ण सडकको तथ्याङ्क सडक बोर्डले निर्दिष्ट गरेको ढाचाँमा हरेक वर्ष पेश गर्नुपर्नेछ। प्रथम पक्षले विवरण प्राप्त गरेपछि उपलब्ध श्रोतको आधारमा आगामी आ.व.को लागि बजेट सिलिङ्ग उपलब्ध गराउनु पर्नेछ र सो कार्य सामान्यतया चालु आ.व. को श्रावण महिना भित्र गर्नु पर्नेछ ।

९.दोश्रो पक्षले बजेट सिलिङ,स्थानीय सडक मर्मत सम्भार सम्बन्धि वार्षिक कार्यक्रमको सहमतीका आधार स्थानिय निकायले व्यहोर्नु पर्ने म्याचिङ्गफण्ड समेत समावेश गरी चालु आ.व.को **कार्तिक मसान्त** भित्र सडक मर्मत संभारको बार्षिक कार्यक्रम स्वीकृत गरी प्रथम पक्षको सहमतिको लागि पेश गर्नु पर्नेछ ।

१०.कुनै कारणवश कार्यक्रम संशोधन/थप गराउनु पर्ने भएमा वा **बिशेष कारणवश कार्तिक मसान्त भित्र कार्यक्रम स्वीकृत हुन नसकेको अवस्थामा** चालु आ.व. भित्रै कार्य सम्पन्न गर्ने प्रतिवद्धताका साथ ढीलोमा चालु आ.व. को **फाल्गुण मसान्त भित्र** बार्षिक/संशोधन/थप कार्यक्रम प्रथम पक्षको सहमतिको लागि पेश गर्नुपर्नेछ ।

११.दोश्रो पक्षले चालु आ.व. को असाढ मसान्त भित्र खर्च गर्न नसकेको एकमुष्ट बचत रकम सडक बोर्ड मार्फत गर्नुपर्नेछ ।

१२.कार्य सम्पन्न भएपछि दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदन,अन्तिम प्रगति प्रतिवेदन,अन्तिम लेखा परिक्षण र कार्यको गुणस्तरिय भए/नभएको प्रविधिक पुष्ट्याईका विवरणका साथै माग भएका अन्य विवरण भदौ पहिलो साता भित्र प्रथम पक्षलाई उपलब्ध गराउनुपर्ने छ ।

१३.सडक बोर्ड नेपाल तथा डोलिडारको अनुगमनको क्रममा सम्बन्धित निकायले प्राथमिकताको क्रमबाहेक अन्य कार्यमा खर्च गरेको पाइएमा आगामी बर्षको कार्यक्रममा बिनियोजित रकम घटाउन/रोक्न सक्ने छ ।

१४.कार्य सम्पादन मूल्याङ्कनको आधारमा डोलिडार वा प्रथम पक्षले प्रत्येक निकायको Performance मूल्याङ्कन गर्ने छ भन्ने दुवै पक्षलाई मञ्जुर छ ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम: डा. कृष्ण सिंह बस्नेत | नाम: अनन्तपाणि मरासिनि |
| पद: कार्यकारी निर्देशक | पद: प्रमुख प्रशासकीय अधिकृत |
| दस्तखत: | दस्तखत: |
| कार्यलयको छाप: | कार्यलयको छाप: |
| मिति: | मिति: |
| **साक्षी:** | **साक्षी:** |
| नाम: डा. योगेश रावल | नाम: कपिल अर्याल |
| पद: प्रविधिक निर्देशक | पद: ईन्जिनियर |
| दस्तखत: | दस्तखत: |

अनन्तपाणि मरासिनी
प्रमुख प्रशासकीय अधिकृत